# मेलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भेड्पु, दोलखा

बागमती प्रदेश, नेपाल

☎९८५१२४९२०१
☎९८५११४९२०१


सूचना.नं. :-१७-०७९/०८०

मेलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भेड्पु, दोलखा बागमती प्रदेश, नेपाल २०७३

### बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत महिला सहकारी वा महिला समूहहरुले अनुदान कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

(सूचना प्रकाशित मिति : २०७९/०८/२६)

मेलुङ गाउँपालिकाको आ.ब.२०७९/८० को स्वीकृत **बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा महिला सहकारीहरुलाई आयआर्जन सुधार कार्यक्रम** (विनियोजित रकम रु.६,२५,००० अक्षरेपी छ लाख पच्चिस हजार रुपैयाँ) कार्यान्वयन गर्नका लागि **एक (१) महिला सहकारी वा महिला समूह** छनौट गर्नुपर्ने भएकाले मेलुङ गाउँपालिकामा सञ्चालनमा रहेका सहकारी वा महिला समूहहरुले देहायका विवरण/कागजातहरु संलग्न गरी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

**अनुदान कार्यक्रमको संक्षिप्त परिचय :**

मेलुङ गाउँपालिकामा सञ्चालनमा रहेका **महिला सहकारी वा महिला समूह** मध्ये **विपन्न समुदायका** र **सुनौला हजार दिनका आमाहरु** सदस्य रहेको सहकारी संस्था छनौट गरिनेछ। सहकारी छनौट गर्दा देहायका कागजातहरु अद्यावधिक भएको सहकारीलाई विशेष प्राथमिकता दिईनेछ। सहकारी वा महिला समूह छनौट भएपश्चात् सुनौला १००० दिनका **२५ जना महिला सदस्यहरुलाई आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न सुरुवाती पुँजी उपलब्ध गराउने उद्देश्यले प्रति सदस्य रु.२५ हजारका दरले** रु. ६ लाख २५ हजार रुपैयाँ उपलब्ध गराइनेछ। अनुदान प्राप्त गर्ने महिला सहकारी वा महिला समूहले सामूहिक वा व्यक्तिगत रुपमा व्यवसाय सञ्चालनका क्रियाकलाप गर्नुपर्नेछ। त्यस्ता आयआर्जनका कार्यक्रमबाट सुनौला हजार दिनका आमा र बच्चाको पोषणस्तरमा सुधार आएको हुनुपर्नेछ।

**आवश्यक कागजातहरु :**

१. सहकारी संस्थाको पछिल्लो दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन २. पछिल्लो दुई आर्थिक वर्षको वार्षिक साधारण सभाको माईन्युटको प्रतिलिपि ३. सहकारी संस्थाको करचुक्ता प्रमाणपत्र ४. कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्तावना पत्र ५. सहकारी संस्थाको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि ६. सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ७. महिला समूहको हकमा एक वर्षभित्र सहकारीको रुपमा रुपान्तरण हुने प्रतिबद्धता पत्र ८. निवेदन

**द्रष्टव्य** : *महिला सहकारी छनौट हुन नसकेमा उल्लिखित मापदण्ड पुरा हुने महिला समूह मार्फत् कार्यक्रम सञ्चालन गरिनेछ। साथै सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको सहकारी तथा समूहलाई प्राथमिकता दिईनेछ।* **(थप जानकारीका लागि सम्पर्क नं. ९८४४१९५०३६)**

Sanjay
२०७९।०८।२६

(सन्जय शिवाकोटी)
प्रमुख प्रशासकीय अधिकृत